गण्डकी प्रदेश सरकार

# भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय

पोखरा, कास्की




# १०० दिनका उपलब्धिहरू



प्रस्तुतकर्ता:

**माननीय प्रकाश बहादुर के.सी.**

मन्त्री

भौतिक पूर्वाधार विकास तथा
यातायात व्यवस्था मन्त्रालय



"गण्डकी प्रदेशको विकास
र समृद्धिको आधार
दिगो, गुणस्तरीय र
सुरक्षित भौतिक पूर्वाधार"

# मन्त्रालय र मातहतका कार्यालयहरूबाट सम्पादित प्रमुख कार्यहरूको कार्यकारी सारांश

पदभार ग्रहण मिति–२०८१/०५/१७

आर्थिक वर्षको प्रथम चौमासिक अवधि आयोजना चक्रमा लगत ईष्टिमेट तयार गर्ने, ठेक्का व्यवस्था गर्ने, बोलपत्रको मूल्याङ्कन गर्ने, आशयपत्र जारी गर्ने, ठेक्का सम्झौता गरी कार्यादेश दिने लगायतका प्राविधिक काम सम्पन्न गरी योजना तथा कार्यक्रम कार्यान्वयनको लागि आधार तयार गर्ने, कार्यान्वयनको मोडालिटी तयार गर्ने समय हो। यस मन्त्रालयको आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रम र वार्षिक बजेट मेरो पद वहाली हुनु अगावै पारित एवं विनियोजित भैसकेकोले विज्ञहरू तथा आफ्नो अनुभव र विवेक अनुसारको नतिजामूलक योजना तर्जुमा र कार्यक्रमगत बजेट खर्च विनियोजन गर्न सक्ने अवस्था नरहेको यद्यपि पूर्वनिर्धारित बजेट र कार्यक्रमको परिधी एवं सीमाभित्र रहेर वार्षिक कार्यक्रममा समावेश भएका सडक, सडकपुल, झोलुङ्गेपुल र सहरी विकास तथा भवन लगायतका पूर्वाधार निर्माणको लागि गरिएका आवश्यक तयारी, मन्त्रालयबाट भएका विभिन्न स्थलगत अनुगमन, निरीक्षण, निर्देशन बमोजिम मन्त्रालय र अन्तरगतका कार्यालयहरूबाट सम्पादन भएका १०० दिनको उपलब्धिहरू देहाय बमोजिम रहेका छन्।

- भौतिक पूर्वाधार निर्माणको क्षेत्रमा चालु आर्थिक वर्षमा कार्यान्वयन गरिने कुल १,८४६ योजनाहरूमध्ये ३८ वटा योजनाहरूको भौतिक निर्माण सम्पन्न भइसकेको।
- ४८५ वटा सडक पूर्वाधारका योजनाहरूको सम्झौता सम्पन्न भई निर्माणाधीन चरणमा रहेका।
- २६५ वटा सडक पूर्वाधारका योजनाहरूको बोलपत्र आव्हान भई मुल्याङ्कनको चरणमा रहेका।
- ३०० वटा सडक पूर्वाधारका योजनाहरूको बोलपत्र आव्हान भएको ।
- ४८८ वटा सडक पूर्वाधारका योजनाहरूको लागत अनुमान तयार भई स्वीकृतीको चरणमा रहेको ।
- वार्षिक कार्यक्रममा समावेश भएका तर योजनाको नाम, ठेगाना संशोधन गर्नुपर्ने, दोहोरोपन, स्थानीय विवाद लगायतका विविध कारणले २७१ वटा योजनाहरू कार्यान्वयन हुन बाँकी रहेकोमा ती योजनाहरूको संशोधनको प्रक्रिया अघि बढाइएको।
- १७८ वटा बहुवर्षीय सडक आयोजनाहरू निर्माणाधीन रहेका।
- ५ वटा सडकपुलहरूको निर्माण सम्पन्न भएको।
- गोरखा जिल्लाको पालुङटार नगरपालिका वडा नं १ मा २५ मी. लम्बाईको खारखोला विर्दीदोभान सडकपुलको निर्माण कार्य सम्पन्न हुने अन्तिम चरणमा रहेको।

- ३ वटा झोलुङ्गे पुलहरूको निर्माण सम्पन्न भई सुचारू भएको।
- ३ वटा सामुदायिक भवन निर्माणका योजनाहरू सम्पन्न भएको।
- सहरी विकासतर्फ महेन्द्रगुफा बृहद् विकास परियोजना सम्पन्न भएको।
- ग्रामीण तथा बस्ती विकासतर्फ मनाङ जिल्लामा २ वटा योजनाहरू सम्पन्न भएको।
- १६.७ किलोमिटर प्रादेशिक सडकको कालोपत्रे/पक्की सडक निर्माण कार्य सम्पन्न भएको।
- ११.९३५ किलोमिटर सडक चौडा बनाउने र ग्राभेलस्तरमा स्तरोन्नति गर्ने कार्य सम्पन्न भएको ।
- १९ किलोमिटर सडक पक्की ढलान गर्ने कार्य सम्पन्न भएको।
- ४.१ किलोमिटर कच्ची सडक सुधार कार्य भएको।
- ३९,९३४ जना परीक्षार्थीले सवारी चालक अनुमतिपत्रको लागि आवेदन पेश गरेकोमा १६,२१० जना परीक्षार्थीले सवारी चालक अनुमतिपत्रको परीक्षा उत्तीर्ण गरेका।
- १८,६१६ सवारी चालक अनुमतिपत्रहरू नवीकरण गरिएको।
- ७,१३८ वटा सवारी साधनहरूको जाँचपास गरिएको।
- ६,८०४ वटा नयाँ सवारीसाधनहरू दर्ता भएका।
- ९९६ वटा रूट इजाजत जारी भएको।

❒ कुल विनियोजित बजेट रू १२ अर्ब ७० करोड १६ लाख ६६० मध्ये रू १ अर्ब २७ करोड १९ लाख ५९ हजार मात्र खर्च भई  करिब १०.०१ प्रतिशत वित्तीय प्रगति एवं १२.६ प्रतिशत भौतिक प्रगति हासिल भएको छ।

❒ मन्त्रालय मातहतका कार्यालयहरूबाट  रू. ७६ करोड ३९ लाख ३२ हजार ३ सय ७० र पैसा २३ मात्र राजस्व संकलन भएको।

❒ एसियाली बिकास बैंक (ADB) को सहयोगमा सञ्चालित ग्रामीण सडक सञ्जाल सुधार आयोजना अन्तरगत घट्टेखोला-धम्पुस-खानीगाउँ सडक (१३.६ कि.मी.) कालोपत्रे गर्ने कार्यको बोलपत्र आव्हान भई मूल्यांङ्कनको अन्तिम चरणमा रहेकोमा छिट्टै सम्झौताको चरणमा प्रवेश गर्नेछ।

## बजेट विनियोजन, वित्तीय प्रगति तथा भुक्तानीको सारांश

१. मन्त्रालय अन्तर्गतका पुँजीगत आयोजना/कार्यक्रममा प्रदेशतर्फको स्रोतबाट वार्षिक विनियोजित बजेट रू. ८ अर्ब ७८ करोड ९४ लाख ७८ हजार मात्र मध्ये मन्त्रालय र अन्तरगतका सबै निकायहरूबाट रू. ७३ करोड २५ लाख ६८ हजार ६ सय २० मात्र खर्च भई ८.३३ प्रतिशत वित्तीय प्रगति हासिल भएको ।

२. सशर्त अनुदानतर्फको वार्षिक बजेट रू. ८४ करोड ७५

लाख ५० हजार मात्र मध्ये रू. ५ करोड ९७ लाख ४१ हजार मात्र खर्च भई वित्तीय प्रगति हासिल भएको ।

३. समपुरक अनुदानतर्फको वार्षिक बजेट रू. २ अरब ३६ करोड मध्ये ७० करोड ३१ करोड ३ हजार ८ सय ७० खर्च भई करिब ३० प्रतिशत वित्तीय प्रगति हासिल भएको।

चालु आ.व. ०८१/०८२ को प्रदेश वार्षिक बजेट र संघीय सशर्त अनुदान एवं समपुरक अनुदान स्रोतबाट विनियोजित कुल बजेट रू. १२ अर्ब ७० करोड १६ लाख ६ सय ६० मध्ये रू. १ अर्ब २७ करोड १९ लाख ५९ हजार मात्र खर्च भई करिब १०.०१ प्रतिशत वित्तीय प्रगति एवं १२.६ प्रतिशत भौतिक प्रगति हासिल भएको। यस समीक्षा अवधिमा विगत आ.व. ०७८/०७९ मा ७.९ प्रतिशत, आ.व. ०७९/०८० मा ९.३१ प्रतिशत, आ.व. ०८०/०८१ मा ८.५९ प्रतिशत रकम खर्च भएको थियो।

## राजस्व परिचालन

४. मन्त्रालय अन्तरगतका कुल १९ वटा निकायहरूबाट ७६ करोड ३९ लाख ३२ हजार ३ सय ७० र पैसा २३ मात्र राजस्व संकलन भएको । जसमध्ये सबैभन्दा बढी यातायात व्यवस्था कार्यालय, सवारी कास्कीबाट

रू. ४३ करोड ११ लाख ८१ हजार २ सय ७७ मात्र राजस्व संकलन भएको ।

५. प्रदेश सरकारको प्रमुख राजस्वको स्रोतको रूपमा रहेको सवारी साधन सम्बन्धी
राजस्व चुहावट रोक्नका लागि निरन्तर अनुगमनको व्यवस्था गरिएको तथा समयमै राजस्व तिर्नका लागि सेवाग्राहीलाई सुसूचित गरिएको।

६. यातायात क्षेत्रमा सम्भाव्य राजस्वको दर र दायरा पहिचान गरी प्रतिवेदन प्रस्तुत गर्न अध्ययन समिति बनाइएको ।

७. गत आ.व.को भन्दा बढी राजस्व संकलन गर्नका लागि विद्यमान ऐन, नियम, कानूनमा समसामयिक परिमार्जन गर्न आवश्यक तयारी गरिएको ।

## भौतिक पूर्वाधार विकासतर्फ

### सडक

८. तनहुँ जिल्लाको घिरिङ गाउँपालिकास्थित ११.४९ कि.मी. लम्बाईको मानपुर डेडगाउँ सडकखण्ड कालोपत्रे गर्ने कार्य सम्पन्न भएको।

९. स्याङ्जा जिल्ला चापाकोट नगरपालिकास्थित दामाचौर–हिरामराङ–घुयौल–दग्दी–क्याक्मी–चित्रे–भिमाद सडकको १०.५ कि.मी लम्बाई सडक ढलान गर्ने कार्य सम्पन्न भएको।

१०. म्याग्दी जिल्लाको बेनी दरबाङ सडक खण्डमध्ये मंगला गाउँपालिकामा ३.८ कि.मी. सडक कालोपत्रे गर्ने काम सम्पन्न भएको।

११. गोरखा जिल्ला पालुङटार नगरपालिका वडा नं १ मा पर्ने सातदोबाटो-अन्नपूर्ण-देउराली-वडा कार्यालय सडक योजना १.१ कि.मी.  पक्की ढलान गर्ने कार्य सम्पन्न भएको ।

१२. गोरखा जिल्ला, पालुङटार नगरपालिका वडा नं २ मा पर्ने उत्तिमटारी-समाचौर-चापाभञ्ज्याङ्ग सडक योजना १ कि.मी.  पक्की ढलान गर्ने कार्य सम्पन्न भएको ।

१३. कास्की जिल्लाको अन्नपूर्ण  गाउँपालिका वडा नं. २ माछापुच्छ्रे क्याम्पस अगाडिबाट न्याले जाने बाटो हुँदै पाउँदुरकोट–ढिकबिसौना–धारापानी–शिवालय मन्दिर लक्ष्मी देउराली जोड्ने १.५ कि.मी. लम्बाईको कृषि सडक स्तरोन्नति गर्ने कार्य सम्पन्न भएको।

१४. कास्की जिल्लाको पोखरा महानगरपालिका वडा नं. १८ मा कृषि सडकदेखि मेथ्लाङंगसम्म ८०० मी. लम्बाईको सडक ढलान गर्ने योजना सम्पन्न भएको।

१५. कास्की जिल्लाको पोखरा महानगरपालिका वडा नं. १६ स्थित मदन आश्रित मार्ग ३०० मी. लम्बाईमा सडक कालोपत्रे गर्ने योजना सम्पन्न भएको।

१६. कास्की  जिल्लाको पोखरा महानगरपालिका वडा नं. १९ पुरन्चौर स्थित करौटे देखि टाकुरा सम्मको ६०० मी. लम्बाईमा सडक कालोपत्रे गर्ने योजना सम्पन्न भएको।

१७. शालिग्राम कोरिडोरतर्फ घिरिङ र रिसिङ गाउँपालिकामा पर्ने वैडी-घिरीङ-देवघाट दोस्रो खण्डको १०.४३५ कि.मी. लम्बाईमा ग्राभेल स्तरोन्नति गर्ने कार्य सम्पन्न भएको।

१८. तनुहँ जिल्ला भानु नगरपालिकामा पर्ने वाके-कवाजित-लौडारी भञ्ज्याङ्ग सडकमा ८०० मी. सडक ढलान गर्ने कार्य सम्पन्न भएको।

१९. बाग्लुङ जिल्ला बाग्लुङ नगरपालिका वडा नं ४ मा पर्ने श्री २३ नं वाहिनी आर्मी ब्यारेक, बाग्लुङ परिसर भित्रको २०० मी लम्बाईको बाटो ढलान गर्ने कार्य निर्माण सम्पन्न भएको।

२०. बाग्लुङ्ग जिल्ला काठेखोला गाउँपालिका वडा नं ६ स्थित एकपाटा-दोबिल्ला-सुलडाँडा सडक योजनामा पक्की ढलान गर्ने कार्य सम्पन्न भएको।

२१. बाग्लुङ्ग जिल्ला बागलुङ नगरपालिका वडा नं १० र ११ स्थित गलुवा-देउराली रायडाँडा सडक अन्तरगत नालासमेत ३०० मीटर लम्बाईको बाटो पक्की ढलान गर्ने कार्य सम्पन्न भएको।

२२. स्याङ्जा जिल्ला बिरूवा गाउँपालिकामा रहेको थामडाँडा-

गाँखा-खाङराङ-भोर्ले हुँदै दम्सेदी-खहरे ३ कि.मी. कच्ची सडक सुधार कार्य सम्पन्न भएको।

२३. स्याङ्जा जिल्ला वालिङ नगरपालिका धनुवाँसे स्वास्थ्य चौकी-प्रस्तावित वडा कार्यालय हुँदै राक्से सडक २०० मीटर लम्बाईको योजनामा पक्की ढलान कार्य सम्पन्न भएको।

२४. मुस्ताङ्ग जिल्लाको बारागुङ मुक्तिक्षेत्र गाउँपालिका वडा नं ३ मा पर्ने समर-घ्याकर-दुम्बाक कृषि सडक कुल ११ कि.मी. मध्ये अति आवश्यक २ किलोमिटर खण्डमा सडक सुधार गर्ने कार्य सम्पन्न भएको।

२५. मनाङ जिल्लाको क्यूंवेशी-ङावल सडक, पोर्तोचे गुम्बादेखि पुके सम्म मोटरबाटो, टंकी-मनाङ सडक स्तरोन्नति, टंकी गाउँदेखि घनज्याङ्ग सडक स्तरोन्नति, तिलिचो-थोरङ चौकदेखि टंकी गाउँसम्म जोड्ने सडक, रखीतम देखि गुम्बा सम्म सडक, तालदेखि घेराङ जाने मोटर बाटो स्तरोन्नति, तालगाउँको सडक स्तरोन्नति, घेराङ बस्तीसम्म जोड्ने सडक, तल्लो पिसाङ सडक स्तरोन्नति, महेन्द्रपुल देखि च्याँखु केन्द्र सम्म सडक विस्तार, सुतीखोला सडक विस्तार योजनामा गरी कुल १,८२९ मीटर सडक ढलान गर्ने कार्य भएको।

२६. गत मनसुनमा विगतका वर्षहरूको तुलनामा अधिक वर्षा भएको, वर्षा, बाढी र पहिरोजन्य  विपदबाट अधिक क्षति

व्यहोर्नुपरेको, नजिकिँदै गएका चाडपर्वहरूको पूर्वसन्ध्यामा राष्ट्रिय, प्रादेशिक तथा स्थानीय सडकहरू तत्काल मर्मत गरी सहज र सुरक्षित यात्रा हुने व्यवस्था गर्नु यस मन्त्रालयको कर्तव्य भएकाले स्थानीय तहहरूसंगको समन्वयमा सबै पूर्वाधार विकास कार्यालयहरूले सडक मर्मत सम्भार कार्यलाई यथाशीघ्र सम्पन्न गर्न समयमै निर्देशन गरेकोमा बाग्लुङ जिल्लाको मालढुंगा–गलुवा–पाक्जा सडक अन्तरगतको दब्ल्याङ्ग खण्डमा गएको पहिरोबाट अवरूद्ध सडकको पहिरो हटाएर आवश्यक मर्मत सम्भार गरी यातायात सुचारू गरिएको ।

२७. गण्डकी प्रदेशको प्रमुख पर्यटकीय स्थल घान्द्रुक जाने नयाँपुल–घान्द्रुक सडकमा गएको पहिरोबाट अवरूद्ध सडकको पहिरो हटाई आवागमन सुचारू गरिएको।

२८. २०७४ सालदेखि ठेक्का लागेर हालसम्म सम्पन्न हुन नसकेका, निर्माण कार्य सुस्त रहेका रूग्ण आयोजनाहरूको सम्बन्धमा मन्त्रालयका सचिव, महाशाखा प्रमुखहरू, पूर्वाधार विकास कार्यालयका प्रमुखहरू, परामर्शदाताहरूसमेतको उपस्थितिमा छलफल तथा स्थलगत अनुगमन एवं निरीक्षण कार्य सम्पन्न गरी आयोजना विशेषको वस्तुस्थिति र सम्भावित विकल्पहरूको पहिचान गरी सोही मुताविक यथाशीघ्र आयोजना सम्पन्न गर्न निर्माण व्यवसायीहरूलाई निर्देशन दिई निर्माण कार्य पुनः सुचारू गरिएको।

## सडक पुल

२९. यस मन्त्रालय अन्तरगतका निकायहरूबाट ठेक्का आव्हान भएका निर्माणाधीन सडक पुलहरू मध्ये म्याग्दी जिल्लाको बेनी नगरपालिका र मंगला गा.पा. जोड्ने २५ मिटर लम्बाईको बरञ्जा–आर्जेखोला सडकपुल निर्माण सम्पन्न भएको।

३०. म्याग्दी जिल्लाको धौलागिरी गाउँपालिका र मंगला गाउँपालिका जोड्ने मराङ्खोलामाथि २५ मी. लम्बाईको अर्कला सडकपुलको निर्माण कार्यसम्पन्न भएको।

३१. पर्वत जिल्लाको मोदी गाउँपालिका वडा नं ६ मा पर्ने १५ मी. लम्बाइको लिदिखोला सडकपुल निर्माण सम्पन्न भएको।

३२. गोरखा जिल्लाको धार्चे गाउँपालिका वडा नं ४ र ५ जोड्ने २५ मी. लामो मुङ्लुङ्ग खोला सडकपुलको निर्माण कार्यसम्पन्न भएको।

३३. गोरखा जिल्लाको पालुङटार नगरपालिका वडा नं १ मा २५ मी. लम्बाईको खारखोला विर्दिदोभान सडकपुलको निर्माण कार्य सम्पन्न हुने अन्तिम चरणमा रहेको।

३४. कास्की जिल्ला पो.म.न.पा. वडा नं. ३० र ३२ जोड्ने मोहनडाँडाबाट बडहरे जाने सडक अन्तरगत पर्ने तालखोला माथिको २५ मी. लम्बाईको सडकपुलको निर्माण कार्यसम्पन्न भएको।

३५. यसबाहेक थप ५३ वटा सडकपुलहरू निर्माणाधीन रहेकोमा निर्माण कार्यलाई तीव्रताका साथ अगाडि बढाईएको।

## झोलुङ्गे पुल

३६. यस मन्त्रालय अन्तरगतका निकायहरूबाट ठेक्का आव्हान भएका निर्माणाधीन झोलुङ्गे पुलहरू मध्ये म्याग्दी जिल्लाको अन्नपूर्ण गाउँपालिकास्थित कालीगण्डकी नदी माथिको पाउद्वार-तातोपानी-थोरूङ्ग १६० मीटर लम्बाईको झोलुङ्गेपुलको सम्पूर्ण निर्माण कार्य सम्पन्न भई सञ्चालनमा ल्याइएको।

३७. मनाङ जिल्लाको नार्सौं गाउँपालिका वडा नं. ६ स्थित दुधखोलामाथि ६० मी. लम्बाईको तिल्चे झोलुङ्गे पुलको सम्पूर्ण निर्माण सम्पन्न भई सञ्चालनमा आएको।

३८. मनाङ जिल्लाको मर्स्याङदी नदी माथिको ११४ मी. लम्बाईको एक्लेभट्टी–ताचै जोड्ने झोलुङ्गेपुल सम्पूर्ण निर्माण कार्य सम्पन्न भई सञ्चालनमा ल्याइएको।

## सहरी विकास, भवन तथा बस्ती विकास

३९. सहरी विकास तथा भवन निर्माण कार्यालयबाट ठेक्का आव्हान भएको गण्डकी प्रदेशको पर्यटकीय गन्तव्य महेन्द्र गुफास्थित महेन्द्रगुफा बृहद् विकास परियोजनाको भौतिक निर्माण २०८१ असोज महिनामा सम्पन्न भई

मंसिर महिनामा उक्त परिसरको व्यवस्थापकीय इकाइ श्री विन्ध्यवासिनी मा.वि. पोखरा १६ लाई विधिवत् हस्तान्तरण गरिएको ।

४०. पो.म.न.पा.–३० खुदी, लेखनाथस्थित शान्ति आदर्श मा.वि.मा २ तला ११ कोठाको बौद्धिक अपांगता स्कुल भवन निर्माणमध्ये पहिलो चरणको फ्रेम स्ट्रक्चरको कार्य सम्पन्न भएको।

४१. गोरखा जिल्ला, गोरखा नगरपालिका छेपेटारमा २ वटा ज्येष्ठ नागरिक भवनहरूको निर्माण सम्पन्न भएको।

४२. मनाङ जिल्लाको घ्यारू गाउँ बाईक पार्कीङ योजनाको निर्माण कार्य सम्पन्न भएको ।

४३. मनाङ जिल्लाको घ्याम्पुमा सडक विस्तारको कारणले धराप घरहरू व्यवस्थापन योजना अन्तरगत जीर्ण–खण्डहर घरहरू भत्काएर पर्खाल लगाउने योजना सम्पन्न भएको ।

४४. गण्डकी प्रदेश, प्रदेश सभा भवनको बोलपत्र आव्हानका लागि स्रोत सुनिश्चितता भई बोलपत्र आव्हान भएकोमा हाल मूल्याङ्कनको चरणमा रहेको।

४५. पो.म.न.पा. ३० स्थित संक्रामक तथा सरूवा रोग अस्पतालको निर्माणाधीन भवनको विगत ३ महिनादेखि निर्माण कार्य रोकिएको विषयमा पदबहाली भए लगत्तै सरोकार वालासंग निर्माण अवरूद्ध हुनाको कारणहरूका बारे मा छलफल गरी रोकिनुका कारणहरूको पहिचान

गरेर समाधानका लागि मन्त्रालयले अग्रसरता लिई हाल निर्माण कार्य द्रुत गतिमा भइरहेको।

४६. पूर्वाधार विकास कार्यालय, तनहुँको कार्यालय भवनको मर्मत सम्भार गरीएको ।

४७. योजनाहरूको गुणस्तर परिक्षण तथा नियन्त्रणका लागि ल्याबलाई व्यवस्थित गरी पुनः सञ्चालनमा ल्याइएको ।

४८. पूर्वाधार विकास कार्यालय, तनहुँले समयमै गुणस्तरयुक्त काम सम्पन्न गर्ने निर्माण व्यवसायीहरूको मनोबल बढाउन, उत्प्रेरणा जगाउन उत्कृष्ट काम गर्ने निर्माण व्यवसायीहरू मध्ये बाट Contractor of the Year छनौट गरी कार्यक्षमताको मूल्याङ्कन गर्ने र प्रमाणपत्र प्रदान गर्ने कार्यको सुरूवात गरिएको।

४९. तनहुँ जिल्लामा योजनाको निर्माणका क्रममा हुने सम्भावित दुर्घटना र जोखिम न्यूनीकरण गर्न अपनाउनुपर्ने सुरक्षाका उपायहरू अबलम्वन गर्न निर्माण व्यवसायीहरूलाई अभिमुखीकरण गरिनुका साथै सडक सुरक्षासम्बन्धी सचेतनामुलक सन्देशहरू प्रवाह गरिएको।

## यातायात क्षेत्र

सार्वजनिक यातायात आमनागरिकलाई चौबीसै घण्टा आवश्यक पर्ने अपरिहार्य सेवा भएकाले यस क्षेत्रलाई चुस्त–

दुरूस्त, सुरक्षित, सर्वसुलभ एवं जनउत्तरदायी बनाउनु यस मन्त्रालयको पहिलो प्राथमिकतामा राखिएको छ। नेपालको संविधानको अनुसूची-६ मा प्रदेश लोकमार्ग, यातायात र सवारी साधन कर प्रदेशको एकल अधिकार सूची अन्तरगत रहेको सो अनुरूप यातायात व्यवस्था कार्यालयहरू प्रदेश सरकारको मातहतमा रहेतापनि नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र यातायात व्यवस्था विभागले अझै पनि धेरै अधिकारहरू प्रदेश सरकारलाई हस्तान्तरण नगरेको अवस्था छ। गण्डकी प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ ले प्रदेश स्तरको यातायात सम्बन्धी नीति, कानून, मापदण्ड बनाउने, प्रदेशभित्रको सवारी दर्ता र नवीकरण, सवारी चालक अनुमतिपत्र र नवीकरण, प्रदेशभित्र सार्वजनिक यातयातको रूट र इजाजत, मापदण्ड, गुणस्तर र भाडादर निर्धारण, अनुगमन तथा नियमन, यातयात सुरक्षा र सवारी प्रदुषण सम्बन्धी योजना निर्माण र कार्यान्वयन गर्ने जिम्मेवारी यस मन्त्रालय अन्तर्गत तोकेको छ।

पद वहाली पश्चातको पहिलो निर्णय यातायात व्यवस्था कार्यालयको सेवा प्रवाहलाई प्रभावकारी बनाउन सेवाग्राही सहायता कक्ष (Help Desk) स्थापना गरी यातायात कार्यालयको सेवाप्रवाह सुधारलाई प्रमुख प्राथमिकतामा राखी कार्य अगाडी बढाएकोमा यातायात क्षेत्र अन्तर्गत हालसम्म भएका मुख्य उपलब्धिहरू निम्नानुसार रहेका छन्।

## सवारी चालक अनुमतिपत्र र नवीकरण

५०. मन्त्रालय मातहतका सम्पूर्ण यातायात व्यवस्था कार्यालयहरूको अनुगमन गरी सवारी चालक अनुमतिपत्रको लिखित तथा प्रयोगात्मक परीक्षामा हुने सबै प्रकार का अनियमितता हटाई निष्पक्ष र पारदर्शी बनाउन कार्यालयहरूलाई आवश्यक निर्देशन दिएकोमा सो निर्देशनको पालना भए नभएको विषयलाई मन्त्रालयले नियमित निगरानी गरिरहेको।

५१. सवारी चालक अनुमति पत्र कार्यालय, कास्की बाहेकका यातायात व्यवस्था कार्यालयहरूमा हुने सवारी चालक अनुमतिपत्रको लिखित परीक्षा सञ्चालन भएको भोलिपल्टको कार्य दिनमा नै नतिजा प्रकाशन गर्ने व्यवस्था मिलाउन आवश्यक व्यवस्थापकीय कामहरू भईरहेको साथै यस कार्यलाई सवारी चालक अनुमतिपत्र कार्यालय, कास्कीमा समेत कार्यान्वयनमा लगिने।

५२. यातायात व्यवस्था कार्यालयहरूबाट लिइने सवारी चालक अनुमतिपत्रको प्रयोगात्मक परीक्षाको नतिजा EDLVRS सफ्टवेयरमा १ महिनामा मात्र अद्यावधिक गर्ने गरिएको मा कास्कीको हकमा १० दिनभित्र र अन्य कार्यालयहरूले ७ दिनभित्र नतिजा अपलोड गर्ने व्यवस्था मिलाइएको।

५३. सेवाग्राहीले फारम भरेको १० दिनभित्र लिखित तथा ट्रायल परीक्षा सम्पन्न गर्ने व्यवस्था मिलाइएको।

५४. नयाँ जारी हुने सवारी चालक अनुमतिपत्र प्रदेशबाट नै छपाई गर्न मिल्ने गरी आवश्यक प्रबन्ध मिलाउन नेपाल सरकारका माननीय भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्री समक्ष लिखित तथा मौखिक आग्रह गरिएकोमा पुराना लाइसेन्सको छपाई छिटो सम्पन्न गरी प्रदेशलाई शीघ्र हस्तान्तरण गर्न यातायात व्यवस्था विभागसंग नियमित समन्वय गरिएको।

५५. यातायात व्यवस्था विभागले सवारी चालक अनुमतिपत्रको विवरण नागरिक एपमा हेर्न मिल्ने व्यवस्था मिलाएको, सवारी/ट्राफिक चेकजाँचका क्रममा नागरिक एपमा भएको सवारी चालक अनुमतिपत्रको विवरण दुरूस्त भएमा सोही सवारी चालक अनुमतिपत्रलाई मान्यता दिने भनी परिपत्र जारी गरेको। उक्त परिपत्रको कार्यान्वयन गर्न ट्राफिक प्रहरीसित समन्वय गरी सो को जानकारी सर्वसाधारणलाई समेत गराइएको ।

५६. आ.व. २०८१/८२ को प्रथम चौमासिकमा सवारी चालक अनुमतिपत्रको सबै किसिमका वर्गमा गरी कुल ३९,९३४ जना लिखित तथा प्रयोगात्मक परीक्षामा संलग्न भएकोमा १६,२१० जना परिक्षार्थी उत्तीर्ण भई लाइसेन्स जारी गरिएको ।

५७. आ.व. २०८१/८२ को प्रथम चौमासिकमा १८,६१६ सवारी चालक अनुमतिपत्रहरू नवीकरण गरिएको।

## चाडपर्व लक्षित यातायात व्यवस्थापन

५८. नेपालीहरूको मुख्य पर्व दशैं, तिहार, छठको समयमा सार्वजनिक यातयात सेवालाई प्रभावकारी, विश्वशनीय, चुस्त, दुरूस्त बनाउनको लागि प्रमुख जिल्ला अधिकारी, प्रदेश प्रहरी प्रमुख, यातायात व्यवसायीहरू, नागरिक समाज लगायतका सरोकारवालाहरूसित संयुक्त बैठक बसी यातायात क्षेत्रमा तोकिएको भाडादर भन्दा बढी भाडा नलिने, चाडपर्वमा समय अवधि तोकी सो अवधिभर रूट प्रणाली खारेज गरी सार्वजनिक यातायातका साधनहरू सञ्चालन गर्ने, दशैं–तिहार टीकाको दिनमा समेत सार्वजनिक यातायात सञ्चालन गर्ने निर्णय भएकोमा, उक्त निर्णयहरू कार्यान्वयन भए/नभएको विषयमा ट्राफिक प्रहरी र सम्बन्धित जिल्लाका यातायात कार्यालयहरूले अनुगमन गर्ने गरी यातायात सेवालाई सुलभ बनाइएको।

## सडक सुरक्षा र सवारी दुर्घटना न्यूनीकरण

५९. यातायात व्यवस्था कार्यालयहरूले सवारी दुर्घटना न्युनीकरणको लागि आवश्यक व्यवस्था गर्न ट्राफिक कार्यालहरूसँग समन्वय गरी ट्राफिक नियमको पालना भए/नभएको नियमित निगरानी गरिएको।

६०. सार्वजनिक यातायातका सवारी साधनहरूको नियमित तथा आकस्मिक रूपमा चेकजाँच गरी दुर्घटना न्यूनीकरण गर्न प्रदेश ट्राफिक प्रहरी कार्यालयसित समन्वय गरिएको।

६१. आ.व. २०८१/८२ को प्रथम चौमासिकमा ७,१३८ वटा सार्वजनिक यातायातको सवारी साधनहरूको जाँचपास गरिएको ।

६२. प्रदेश सरकारबाट निर्माण भइरहेका सडकहरूलाई गुणस्तरीय बनाई सडक दुर्घटना न्यूनीकरण गर्न सडक निर्माणका क्रममा सडक सुरक्षाका मापदण्डहरूलाई अक्षरशः पालना गर्न मन्त्रालय मातहतका पूर्वाधार विकास कार्यालयहरूलाई निर्देशन दिईएको साथै प्रादेशिक सडकहरूको नियमित मर्मत सम्भार गर्ने व्यवस्था मिलाइएको।

६३. भौगोलिक अवस्था र सडकको अवस्था हेरी साना/ठूला सवारी साधनलाई रूट इजाजत जारी गरिएको।

## सफ्टवेयर व्यवस्थापन तथा सूचना प्रविधिको प्रयोग

६४. यातायात व्यवस्था कार्यालयहरूबाट हुने सेवा प्रवाहलाई सूचना प्रविधिमैत्री बनाउन कार्यालयहरूमा भएका फाइल र ठेलीहरूको डिजिटाइजेसन गर्ने कार्यलाई उच्च प्राथमिकतामा राखी सञ्चालन गरिएको।

६५. नागरिकले सफ्टवेयर र प्रविधीको प्रयोगमार्फत घरबाट

नै यातायात सम्बन्धी सेवाको जानकारी लिन पाउने गरी आवश्यक प्रबन्ध गर्ने सम्बन्धमा यातायात व्यवस्था विभाग तथा अन्य प्रदेशहरूसित समन्वय भईरहेको।

६६. हाल प्रयोगमा रहेका EVRS र EDLVRS सफ्टवयेर मा भएका समस्याहरू तथा कमी–कमजोरीहरू हटाउनका लागि यातायात व्यवस्था विभागसँग निरन्तर समन्वय गरिएको।

६७. यातायात व्यवस्था कार्यालय, सवारी कास्की बाहेकका अन्य जिल्लामा भएका कार्यालयहरूमा अनलाइन प्रणालीबाट सवारी दर्ता हुने व्यवस्था मिलाइएको।

६८. रूट इजाजतको पटके सेवा अनलाईन मार्फत जारी गर्ने व्यवस्था मिलाउन आवश्यक प्रणाली निर्माणको चरणमा रहेको।

## विद्युतीय सवारी साधनलाई प्रोत्साहन

६९. स्वदेश आत्मनिर्भर रहेको नवीकरणीय उर्जाको प्रयोग हुने, वातावरणीय प्रदुषण (ध्वनि र वायु दुवै) न्यूनीकरण हुने, वैदेशिक व्यापारको क्षेत्रमा खनिज ईन्धनको कारणले स्वदेशले खेप्नुपरेको घाटाको उल्लेखनीय हिस्सा कटौती हुने कारणले खनिज ईन्धनबाट चल्ने सवारीसाधनको बदलामा नवीकरणीय उर्जा र विद्युतीय उर्जाबाट चल्ने सवारी साधनको प्रयोगलाई प्रोत्साहन गर्न सार्वजनिक

सवारी साधनको रूपमा विद्युतीय सवारी साधन दर्ता हुन आएमा निर्बाध रूपमा रूट प्रदान गर्न आवश्यक व्यवस्था मिलाइएको।

### सवारी साधन दर्ता/नवीकरण

७०. आ.व. २०८१/८२ को प्रथम चौमासिकमा दुईपाङ्ग्रे र चार पाङ्ग्रे (साना/मझौला/ठूला) गरि कुल ६,८०४ वटा नयाँ सवारी साधनहरू दर्ता गरिएको ।

### रूट इजाजत प्रदान

७१. आ.ब. २०८१/८२ को प्रथम चौमासिक सम्ममा कुल ९९६ वटा नयाँ रूट इजाजत जारी गरिएको।

### सार्वजनिक यातायातको भाडा

७२. प्रदेश सरकारबाट जारी भएको सार्वजनिक यातायातको भाडादरलाई अनिवार्य रूपमा लागू गर्नको लागि यातायात व्यवसायीहरूलाई सूचित गरिएको साथै सो कार्यको नियमित अनुगमन गर्नका लागि ट्राफिक प्रहरी तथा सबै यातायात कार्यालयहरूलाई जिम्मेवार गराईएको।

७३. पोखरा अन्तराष्ट्रिय विमानस्थलमा सञ्चालित सार्वजनिक यातायात सेवालाई सर्वसुलभ र प्रभावकारी बनाउन सरोकारवाला पक्षहरूसँग विभिन्न चरणमा छलफल गरिएकोमा सार्वजनिक यातायातको भाडादर समायोजन गर्ने उद्देश्यले अध्ययन गर्न समिति गठन गरी भाडादर समायोजन गर्ने कार्य अगाडि बढाइएको।

## यातायात व्यवस्था कार्यालय, लेखनाथ स्थापनाको तयारी

७४. गण्डकी प्रदेशको राजधानी पोखरामा रहेका यातायात व्यवस्था कार्यालयहरूमा भएको उच्च कार्यचापलाई न्यूनीकरण गर्नका लागि कास्की जिल्ला पोखरा महानगर पालिका वडा नं. ३० पावर हाउसमा यातायात व्यवस्था कार्यालय, लेखनाथ स्थापना गर्ने गण्डकी प्रदेश सरकार, मन्त्रीपरिषद्को मिति २०८१/०१/२८ को निर्णयानुसार कार्यालय स्थापनाका लागि आवश्यक तयारी भई अन्तिम चरणमा रहेको।

७५. यातायात कार्यालय लेखनाथ, कास्की स्थापना गर्न नेपाल सरकारको स्वामित्वमा रहेको जग्गा यस मन्त्रालयले उपयोग गर्न स्वीकृति (भोगाधिकार) माग गर्नका लागि गण्डकी प्रदेश सरकार, मन्त्रीपरिषद्मा प्रस्ताव पेश गरिएकोमा मिति २०८१/०८/१७ मा प्रदेश मन्त्रीपरिषद् बाट नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयसंग उक्त जग्गा उपयोगका लागि स्वीकृति/सहमति माग गर्ने निर्णय प्राप्त भई सोहीअनुसारको सहमति/स्वीकृतिका माग गरी भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयलाई पत्राचार गरिएको।

## सेवा प्रवाह सुधार

७६. मन्त्रालय मातहत रहेका ५ वटै यातायात कार्यालयहरूमा सेवाग्राही सहायता कक्ष स्थापना गरी सञ्चालनमा ल्याइएको।

७७. यातायात कार्यालयहरूमा सेवाग्राहीको लागि स्वच्छ पिउने पानीको प्रबन्ध गरिएको।

७८. यातायात व्यवस्था कार्यालयहरूमा नागरिक बडापत्रलाई अद्यावधिक गरी सर्वसाधरणले स्पष्ट देख्ने ठाउँमा राख्ने व्यवस्था मिलाइएको।

७९. यातायात व्यवस्था कार्यालयहरूमा बिचौलियाहरूको प्रवेशलाई निरूत्साहित गरिएको।

८०. यातायात व्यवस्था कार्यालयहरूमा टोकन प्रणाली लागू गरिएको।

## कानून, नीतिगत तथा संस्थागत सुधार

८१. मन्त्रालयमा विद्युतीय हाजिरी प्रणाली जडान गरी सञ्चालनमा ल्याइएको।

८२. पूर्वाधार विकास कार्यालय, तनहुँको कार्यसम्पादनमा पारदर्शिता प्रवर्द्धन गर्न तथा संस्थागत अनुशासन पालन गराउन कार्यालय परिसरभित्र सि.सि. क्यामेरा जडान गरिएको।

८३. भौतिक पूर्वाधार विकास तथा यातायात मन्त्रालय अन्तरगतका निकायहरूमा क्रियाकलापमा विनियोजित एकमुष्ठ बजेट बाँडफाँडसम्बन्धी मापदण्ड, २०८१ स्वीकृत गरी जारी गरिएको ।

८४. प्रदेश मन्त्रालयहरू र नीति तथा योजना आयोगका माननीय सदस्यहरूको समुपस्थितिमा मन्त्रालय मातहतका निकायहरूका कार्यालय प्रमुखहरूसंग प्रादेशिक सडक गुरूयोजना (Provincial Transport Master Plan, PTMP) सम्बन्धी गोष्ठी सम्पन्न भएको। उक्त गोष्ठीबाट प्राप्त सारभूत सुझावहरूसहित तयार भएको गुरूयोजनाको मस्यौदा राय सुझावको लागि प्रदेश सभाका माननीय सदस्यहरूलाई उपलब्ध गराइएको।

८५. विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरूको समुपस्थितिमा प्रदेश भित्र बन्ने नयाँ संरचनाहरू अपाङ्गतामैत्री बनाउने विषयमा सरोकारवाला र अख्तियारवालाहरू बीच छलफल भई प्राप्त निश्कर्ष समाहित गरी गण्डकी प्रदेश, भवन विधेयकको प्रारम्भिक मस्यौदामा समावेश गरिएको, अरू थप सम्बन्धित सरोकारवालाहरूसंग राय सुझाव माग गरिएको ।

८६. गण्डकी प्रदेश सवारी तथा यातायात व्यवस्था नियमावली, २०८० संशोधनको लागि समिति गठन गरी कार्यारम्भ गरिएको।

८७. गण्डकी प्रदेश राईड सेयरिङ तथा सेल्फ ड्राईभ नियमन तथा व्यवस्थापन कार्यविधी मस्यौदा तर्जुमा भई सरोकार

वालासमक्ष राय सुझाव संकलन गरिएको।

८८. यातायात क्षेत्रका ऐन, नियम तथा मापदण्डहरूमा एकरूपता कायम गर्न अन्य प्रदेशहरूसँग सहकार्य र समन्वय गरिएको।

## अनुगमन, निरीक्षण तथा निर्देशन

पदभार ग्रहण पश्चातको तीन महिना समयावधिमा मन्त्रालय र मातहतका निकायहरूको सांगठनिक एवं व्यवसायिक कार्यसम्पादनमा नेतृत्वदायी भूमिका प्रदान गर्नुपर्ने जिम्मेवारी भएकोले आफ्नो विभागीय कार्यक्षेत्र बाहेकका विभिन्न सामाजिक संघ-संस्थाहरू, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरकारी तथा गैरसरकारी संघ-संस्थाहरूबाट प्रमुख अतिथि, अतिथि, सम्मान ग्रहण, शुभकामना प्रदान, उद्घाटन, शिलान्यास गर्ने निमन्त्रणा प्राप्त भएका कार्यक्रमहरूमा सहभागी हुन असमर्थ रहने जानकारी गराई विभागीय लक्ष्यअनुसारका कामकारबाहीमा केन्द्रित हुने अठोट गरेको थिएँ। पदभार ग्रहण पश्चात १०० दिनको अवधिभरमा त्यसरी बचत हुन आएको समयलाई मन्त्रालय अन्तर्गतका सबै कार्यालयहरूको अनुगमन तथा निरीक्षण गरी कार्यालयहरूमा रहेका भौतिक स्रोतसाधन, जनशक्ति पदपूर्ति, कार्यचाप, कार्यालय संरचना तथा विन्यास, सेवाप्रवाहको परिपाटीको अवलोकन, निर्देशनका लागि छुट्याएको यस अवधिमा तपशिल बमोजिमका कार्यालयहरूमा

स्थलगत निरीक्षण गरी आवश्यक निर्देशन दिएको ।

८९. पूर्वाधार विकास कार्यालय, कास्की कार्यालयको निरीक्षण गरियो।

९०. पूर्वाधार विकास कार्यालय, म्याग्दी र पूर्वाधार विकास कार्यालय, मुस्ताङको कार्यालय निरीक्षण र ती जिल्लास्थित विभिन्न योजनाहरूको स्थलगत अवलोकन गरियो।

९१. पूर्वाधार विकास कार्यालय, बाग्लुङको कार्यालय निरीक्षण र बागलुङ जिल्लाको उत्तरी क्षेत्रस्थित विभिन्न योजनाहरूको स्थलगत अवलोकन गरियो।

९२. पूर्वाधार विकास कार्यालय, नवलपुरको कार्यालय निरीक्षण र विभिन्न आयोजनाहरूको स्थलगत अवलोकन एवं यातायात व्यवस्था कार्यालय, नवलपुरको कार्यालय निरीक्षण गरियो।

९३. पूर्वाधार विकास कार्यालय, तनहुँको कार्यालय निरीक्षण र विभिन्न आयोजनाहरूको स्थलगत अवलोकन एवं यातायात व्यवस्था कार्यालय, डुम्रेको कार्यालय निरीक्षण गरियो।

९४. यातायात व्यवस्था कार्यालय, बागलुङको ट्रायल परीक्षा स्थल निरीक्षण गरी आवश्यक निर्देशन गरियो।

९५. सहरी विकास तथा भवन कार्यालय, नदीपुर र पूर्वाधार विकास निर्देशनालय, पोखराको कार्यालयको निरीक्षण

गरी आवश्यक निर्देशन गरियो।

९६. पूर्वाधार विकास कार्यालय, स्याङ्जाको कार्यालय निरीक्षण र स्याङ्जा जिल्लास्थित विभिन्न योजनाहरूको स्थलगत अवलोकन गरियो।

९७. पूर्वाधार विकास कार्यालय, गोरखाको कार्यालय निरीक्षण र गोरखा जिल्लास्थित विभिन्न योजनाहरूको स्थलगत अवलोकन गरियो।

९८. पूर्वाधार विकास कार्यालय, लमजुङको कार्यालय निरीक्षण र लमजुङ जिल्लास्थित विभिन्न योजनाहरूको स्थलगत अवलोकन गरियो।

९९. यातायात व्यवस्था कार्यालय (सवारी) कास्की र यातायात व्यवस्था कार्यालय (सवारी चालक अनुमतिपत्र) कास्कीको कार्यालय निरीक्षण गरियो।

१००.पूर्वाधार विकास कार्यालय, पर्वतको कार्यालय निरीक्षण र पर्वत जिल्लास्थित विभिन्न योजनाहरूको स्थलगत अवलोकन गरियो।

❒ ❒ ❒

# तस्वीरमा १०० दिन



सपथ ग्रहण समारोह



प्रथम चौमासिक प्रगति समीक्षाको उद्घाटन गर्दै मा.मुख्यमन्त्रीज्यू



चाडपर्व लक्षित यातायात व्यवस्थापन सर्वपक्षीय बैठक



मातहतका कार्यालय प्रमुखहरूसँग ब्रिफिङ्ग



कास्की हेमजा स्थित चौर अम्बोट झोलुङ्गे पुल उद्घाटन




पूर्वाधार विकास कार्यालय, गोरखा



गाडीखोला मोटरेबल पुल निरीक्षण, ढोरपाटन, बागलुङ्



दुम्कीबास त्रिवेणी सडक अन्तर्गत राष्ट्रिय निकुञ्ज खण्ड




कोरला नाका, मुस्ताङ्



बिरूवा–किचनास–प्यारसिंङ्ग–हरिनाश ग्रामीण सडक, स्याङ्जा



ट्रायल परीक्षा स्थल, बागलुङ्को निरीक्षण



दुम्कीबास त्रिवेणी सडक खण्डका स्थानीयहरूसँग




पूर्वाधार विकास कार्यालय, पर्वत





मन्त्रालय अन्तर्गतका कर्मचारीहरूसँग



पर्वत स्थित लिदीखोला सडकपुल उद्घाटन

# गण्डकी प्रदेश


नेपाल


कर्णाली प्रदेश
चिन
डोल्पा
मुस्ताङ
मनाङ
म्याग्दी
रुकुम
रोल्पा
बाग्लुङ
कास्की
लमजुङ
गोरखा
पर्वत
प्यूठान
धादिङ
गुल्मी
स्याङ्जा
तनहुँ
लुम्बिनी प्रदेश
बाग्मती प्रदेश
पाल्पा
नवलपरासी
बर्दघाट सुस्त पूर्व
चितवन
नवलपरासी
बर्दघाट सुस्त पश्चिम
N
W
E
S








## गण्डकी प्रदेश सरकार

# भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय

पोखरा, कास्की


०६१-४६५५३६, ४६५५५६ mopid@gandaki.gov.np mopid.gandaki.gov.np